# शुद्धोधन गाउँपालिका कपिलवस्तुको
## सामाजिक परिक्षण प्रतिवेदन
## ०७९/८०

पेस गर्ने निकाय

लुम्बिनी टुडे मिडिया हाउस

कपिलवस्तु

पेस गरिने निकाय

शुद्धोधन गाउँपालिकाको कार्यालय

लवनी, कपिलवस्तु

## १. १ पृष्ठभूमी

सामाजिक परीक्षण भनेको सार्वजनिक संस्था, कार्यक्रम वा आयोजनाको कार्यसम्पादन संस्थाको आन्तरिक व्यवस्थापनबाट मात्र नभई सरोकारवाला र व्यापक जनसमुदायको मूल्याङ्कन गर्ने प्रक्रिया हो । यो शासनमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने एउटा औजार हो र नेपालमा स्थानीय सरकारको सन्दर्भमा विशेष गरी सान्दर्भिक छ । नेपालको स्थानीय सरकारमा सामाजिक परीक्षणको अवधारणा, यसको अत्यान्तै महत्व छ ।

नयाँ संविधान जारी भएपछि नेपालको स्थानीय सरकार प्रणालीमा महत्वपूर्ण परिवर्तन भयो । संविधानले तीन तहको सरकारको व्यवस्था गरेको छ जसमा स्थानीय सरकार सबैभन्दा तल्लो तह तथा घर दैलोको सरकार हो । जो जनताको सबै भन्दा नजिकको सरकार हो । नेपालको स्थानीय सरकार शिक्षा, खानेपानी, सरसफाइ र स्वास्थ्य सेवा जस्ता आधारभूत सेवाहरू प्रदान गर्ने, साथै विकास कार्यक्रमहरू र परियोजनाहरूको कार्यान्वयन सहित विभिन्न कार्यहरूको लागि जिम्मेवार छ । यस सरकारले गर्ने हरेक निणर्य प्रभाव जनताको बिचमा तत्कालै पुग्ने गर्दछ ।

नेपालमा स्थानीय सरकारले सामना गर्ने एउटा महत्वपूर्ण चुनौती भनेको पारदर्शिता र जवाफदेहिताको अभाव हो । सार्वजनिक सेवा प्रवाह र विकास आयोजनाको कार्यान्वयनमा भ्रष्टाचार, अव्यवस्थापन र अकुशलताका कैयौं उदाहरण छन् । अनुगमन र सार्वजनिक छानबिनका लागि प्रभावकारी संयन्त्रको अभावले यो समस्यालाई सघाएको छ ।

सामाजिक परीक्षण भनेको स्थानीय सरकारको कार्य सम्पादनमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गरी यस चुनौतीलाई सम्बोधन गर्न सक्ने दृष्टिकोण हो । सामाजिक परीक्षण प्रक्रियामा सार्वजनिक संस्था वा कार्यक्रमहरूको कार्य सम्पादनको व्यवस्थित र सहभागितामूलक मूल्याङ्कन समावेश हुन्छ । यो व्यापक सार्वजनिक, नागरिक समाज संगठनहरू, र सरकारी अधिकारीहरू सहित सरोकारवालाहरूको सहभागिता हुने गर्दछ ।

सामाजिक परीक्षण प्रक्रियामा बिभिन्नि चरणहरू समावेश हुन्छन् । पहिलो चरण योजना हो, जसमा सामाजिक परीक्षणको दायरा र उद्देश्यहरू, साथै प्रक्रियामा संलग्न हुने सरोकारवालाहरूको पहिचान समावेश छ । दोस्रो चरण डाटा संकलन हो, जसमा स्थानीय सरकारी संस्था वा कार्यक्रमको कार्यसम्पादनको जानकारी संकलन समावेश छ । यो सर्वेक्षण, फोकस समूह छलफल, र अन्तर्वार्ता, कर्मचारीहरु संग अनौपचारिक छलफल सहित विधिहरूको दायरा मार्फत गर्न सकिन्छ।

तेस्रो चरण विश्लेषण हो, जसमा संकलन गरिएको तथ्याकंको व्याख्या गर्ने र परीक्षण भइरहेको संस्थाको शक्ति, कमजोरी, अवसर र खतराहरू पहिचान गर्ने समावेश छ । चौथो चरण भनेको प्रतिवेदन हो, जसमा सामाजिक परीक्षणका नतिजाहरूलाई सरोकारवालाहरू र व्यापक जनसाधारण समक्ष प्रस्तुत गर्ने समावेश छ। अन्तिम चरण भनेको कार्य हो, जसमा सामाजिक परीक्षणमा पहिचान गरिएका समस्याहरूलाई सम्बोधन गर्नका लागि कदम चाल्नु समावेश छ।

नेपालमा स्थानीय सरकारमा सामाजिक परीक्षणको महत्व धेरै छ । पहिलो, यसले सार्वजनिक संस्था वा कार्यक्रमहरूको कार्यसम्पादनमा पारदर्शिता र जवाफदेहितालाई बढावा दिन्छ। यसले सार्वजनिक सेवा प्रवाह र विकास आयोजनाहरूको कार्यान्वयनमा भ्रष्टाचार, अव्यवस्थापन र अकुशलतालाई कम गर्न मद्दत गर्न सक्छ। दोस्रो, यसले सार्वजनिक संस्था वा कार्यक्रमहरूको मूल्याङ्कनमा आवाज दिएर नागरिकहरूलाई

सशक्त बनाउँछ । यसले सरकारमा विश्वास र विश्वास निर्माण गर्न र नागरिक संलग्नता प्रवर्द्धन गर्न मद्दत गर्न सक्छ । स्थानीय सरकारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सामाजिक परीक्षण एउटा सशक्त साधन हो। यसमा नागरिकलाई सशक्तिकरण गर्ने, नागरिक संलग्नतालाई प्रवर्द्धन गर्ने र सार्वजनिक सेवा प्रवाह गर्नका लागि सामाजिक परिक्षण अत्यान्तै महत्वपुर्ण छ ।

स्थानीय तहहरुले वर्षमा एक पटक आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र समाजिक परीक्षण गर्नु पर्ने हुन्छ । यसै अनुसार सामाजिक परीक्षण कार्यविधि, २०६७ को अधिनमा रही शुद्धोधन गाउँपालिका कपिलवस्तुको आ.व.०७९।०८० को सामाजिक परीक्षण गरिएको छ ।

शुद्धोधन गाउँपालिका कपिलवस्तुको आ.व.०७९।०८० को सामाजिक परीक्षण गर्ने क्रममा सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा अनुसन्धानात्मक ढंगबाट अध्ययन तथा विश्लेषण गर्न आवश्यक सूचना तथा जानकारी संकलन गर्ने क्रममा स्थानीय तहसँग सम्बन्धीत विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा समिक्षा गरिएको थियो । त्यस्तै, पालिकाका पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुख लगायत सम्बन्धीत कर्मचारी तथा सरोकारवालाहरू सँग अन्तरवार्ता लिनुका साथै छलफल समेत गरिएको थियो । यसरी प्राप्त सूचना तथा जानकारीहरूको आधारमा स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ को अनुसूची २ र ३ मा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन तयार गरी सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

## १.२ सामाजिक परिक्षणको महत्व

नेपालमा स्थानीय सरकारको निर्णय प्रक्रियामा पारदर्शिता, जवाफदेहिता र नागरिकको सहभागिता सुनिश्चित गर्न सामाजिक परीक्षण एउटा महत्त्वपूर्ण औजार हो। यसले असक्षमता पहिचान गर्न, सार्वजनिक सेवा सुधार गर्न र नागरिक र सरकारबीच विश्वास निर्माण गर्न मद्दत गर्न सक्छ ।यसलाई यसरी निम्न अनुसार व्याख्या पनि गर्न सकिन्छ ।

**जवाफदेहिता:** सामाजिक परीक्षणले सरकारका कार्यक्रमहरू र नीतिहरूको बारेमा नागरिकहरूलाई आफ्ना सरोकार र विचारहरू व्यक्त गर्न मञ्च प्रदान गरेर सरकार आफ्ना नागरिकहरूप्रति उत्तरदायी छ भनी सुनिश्चित गर्दछ ।

**पारदर्शिता:** सामाजिक परीक्षणले स्थानीय सरकारमा पारदर्शितालाई प्रवर्द्धन गर्दछ नागरिकहरूलाई सरकारी कार्यक्रमहरू र नीतिहरूको बारेमा जानकारी एंव पहुँचमा सुनिश्चिता गर्दछ ।

**सहभागिता:** सामाजिक परीक्षणले स्थानीय सरकारको निर्णय प्रक्रियामा नागरिकको सहभागितालाई प्रोत्साहन गर्छ, जुन सरकारी कार्यक्रमहरू र नीतिहरूले जनताको आवश्यकता पूरा गर्ने कुरा सुनिश्चित गर्न महत्वपूर्ण हुन्छ ।

**प्रभावकारिता:** सामाजिक परीक्षणले सरकारी कार्यक्रमहरू र नीतिहरूमा भएका असक्षमताहरू पहिचान गर्न मद्दत गर्न सक्छ, जसले सार्वजनिक सेवाहरूको वितरणमा सुधार ल्याउन सक्छ ।

**विश्वास:** सामाजिक परीक्षणले पारदर्शिता र जवाफदेहिताप्रति सरकारको प्रतिबद्धता देखाएर नागरिक र स्थानीय सरकारबीच विश्वास निर्माण गर्न मद्दत गर्न सक्छ ।

## १.३ उद्देश्य

नेपालमा स्थानीय सरकारको सामाजिक परीक्षणको उद्देश्य जनताका सामाजिक र विकासका आवश्यकताहरू पूरा गर्नका लागि पारदर्शी र जवाफदेही रूपमा सरकारको कार्यसम्पादन मूल्यार्ान गर्नु हो। सामाजिक परीक्षणको उद्देश्य सरकारले आफ्ना स्रोत साधनको प्रभावकारी उपयोग गरी लक्षित समुदायलाई फाइदा पुग्ने गरी नीति तथा कार्यक्रम कार्यान्वयन गरिरहेको छ कि छैन भन्ने मूल्याङ्कन गर्नु हो । सामाजिक परीक्षण प्रक्रियामा सरकारी कार्यक्रम र नीतिहरूको व्यवस्थित समीक्षा, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र समग्र सुशासन समावेश हुन्छ । सामाजिक परीक्षणका निष्कर्ष र सिफारिसहरू त्यसपछि स्थानीय सरकार लगायत सम्बन्धित निकायहरूसँग पारदर्शिता, जवाफदेहिता र निर्णय प्रक्रियामा नागरिकको सहभागितालाई प्रवर्द्धन गर्न साझेदारी गरिन्छ।

सामाजिक परीक्षण भनेको सरकारी कार्यक्रम, नीति र गतिविधिको सामाजिक प्रभावको समीक्षा र मूल्याङ्कन गर्ने प्रक्रिया हो। नेपालमा, स्थानीय सरकारमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सामाजिक परीक्षणले महत्वपुर्ण भूमिका खेल्छ । मुख्य गरि शुद्धोधन गाउँपालिकाले निवार्ह गरेको सामाजिक जिम्मेवारी निर्वाहको मूल्याङ्कन गर्ने । समुन्नत समाज निर्माणको लागि सहयोग, पालिकाको सेवा प्रवाहरुलाई नागरिक मैत्री बनाउँदै सेवा प्रवाहलाई थप प्रभावकारी र सुलभ, भरपर्दो पारदर्शि बनाउन समग्र कार्य सम्पादनमा सुधार ल्याउन सुझाव प्राप्त गर्ने, कार्यसम्पादन मापनमा अझ प्रभावकारिता ल्याउन सहयोग गर्ने एंव सुशासनमा टेवा पुर्याउनुनै यस सामाजिक परिक्षणको मुख्य उद्देश्य हुन् ।

## १.४. सामाजिक परीक्षणका आधार :

शुद्धोधन गाउँपालिकाको कार्यसम्पादनको अनुगमन, मूल्याङ्कन तथा मापन गर्नको लागि सामाजिक कार्यको प्रभावको लेखा जोखा गर्न गरिएको यो सामाजिक परीक्षणको आधार देहाय बमोजिम रहेका छन् ।

- शुद्धोधन गाउँपालिका कार्यालयको संगठन संरचना
- शुद्धोधन गाउँपालिकाको नीति, रणनीति र आगामी कार्य क्षेत्र र सोको प्रभावकारीता
- शुद्धोधन गाउँपालिकाको योजना, नीति तथा कार्यक्रम, वजेट व्यवस्थापन
- शुद्धोधन गाउँपालिका कार्यक्षेत्र र सोको अनुगमन, मुल्यांकन
- शुद्धोधन गाउँपालिकाले दीगो विकासमा खेलेको भूमीका
- सेवाग्राहीको हित एवम नागरीक मैत्री सेवा प्रवाहमा भूमीका
- महिला, विपन्न एवं पछाडि पारिएका वर्ग, समुदायको हितका लागि पालिकाले खेलेको भूमीका
- शिक्षा, स्वास्थ्य, कला, संस्कृति संरक्षण र विकासमा पालिकाले दिएको योगदान
- सरकारी एवम् गैह्र सरकारी, निजी क्षेत्र, नागरिक समाजप्रतिको दायित्व निर्वाह
- गाउँपालिकाको सामाजिक योगदान ।

## १.५. सामाजिक परीक्षणको बिधि:

सामाजिक परिक्षणलाई व्यवहारिक, परीमाणात्मक तथ्याङ्क र आवश्कता अनुसार थप गुणात्मक तथ्याङ्को प्रयोग गरी अध्ययन विश्लेषण गरी सामाजिक कार्य सम्पादन स्थितिको मूल्याङ्कनका साथै सामाजिक योगदान बढाउन अगाल्नु पर्ने उपायहरुको समेत सुझाव उल्लेख गरी प्रतिवेदन तयार गर्नु पर्ने

हुन्छ । अत्यान्तै ग्रामिण भेग रहेको देश संघीय संरचनामा गए संगै जिल्लाको ६ वटा भौत्तिक एंव सामाजिक रुपमा पछाडि परेका गाविसहरु मिलेर बनेको यस पालिकामा नागरिकका असिमित अपेक्षाहरु रहेका छन् । निर्बाचनको समयमा जनप्रतिनीधिहरुले गर्ने प्रतिवद्धताहरुले यस्मा अझ मलजल गरेको छ । यस परिस्थितीमा गाउँपालिकाको मुख्य जिम्मेवारी र पालिकाले निर्बाह गर्नु पर्ने मुख्य सामाजिक उत्तरदायित्व, पालिकाले बजेट, नीति कार्यक्रम, त्यसको कार्यान्वयन र लाभको आधारमा सामाजिक परिक्षणलाई अगाडी बढाईको छ ।

सामाजिक परिक्षणको उद्देश्य अनुरुप पहिलो चरणमा योजना निमार्ण, सामाजिक परीक्षणको दायरा र उद्देश्यहरू, साथै प्रक्रियामा संलग्न हुने सरोकारवालाहरूको पहिचान गरिएको छ । दोस्रो चरण डाटा सकंलन, स्थलगत अवलोकन भ्रमण र अन्तरवार्ता गरिएको छ । जसमा पालिका भित्रका बिभिन्न इकाईहरुले संचालन गरेका योजना, वडाहरु मार्फत संचालन भएका योजना तथा कार्यक्रमको कार्यसम्पादनको जानकारी, लक्षित समूहहरुसंग छलफल र अन्तर्वार्ता तथा कार्यालयहरुका अभिलेखहरुको जाँच समेत गरिएको छ । तेस्रो चरण विश्लेषण हो, जसमा संकलन गरिएको तथ्याकंहरुको व्याख्या गर्ने र पालिकाको कार्यक्रमको शक्ति, कमजोरी, अवसर र खतराहरू पहिचान गर्ने समावेश छ । चौथो चरण भनेको प्रतिवेदन हो, जसमा सामाजिक परीक्षणका नतिजाहरूलाई सरोकारवालाहरू र व्यापक जनसाधारण समक्ष प्रस्तुत गर्नुका साथै सुझावहरु संकलन गरिएको थियो । त्यस पश्चात अन्तिम प्रतिवेदन तैयार पारी कार्यलयलाई हस्तानतरण गरिने छ ।  अन्तिम चरण भनेको परिक्षणको क्रममा पहिचान गरिएका समस्याहरुलाई सम्बोधनको लागि गरिने कार्य हो ।

### १.६. सामाजिक परीक्षणको सिमा:

शुद्धोधन गाउँपालिकाको सामाजिक परीक्षण, सामजिक परिक्षण कार्यविधी २०६७ लाई आधार मानेर गरिएको छ । सामाजिक परिचालन कार्यविधिले अन्य विषयगत कार्यालयहरु एवं गैर सरकारी संस्थाहरुका गतिविधिहरु पनि सामाजिक परिक्षण कार्यविधिले निर्देशन गरेको अनुसुचिमा समावेश गर्नु पर्दछ भनिएता पनि सिमित श्रोत साधन समयको अभावले गैर सरकारी संघ संस्था तथा पालिका भित्रका अन्य कार्यालयको गतिबिधीहरु समाबेश गर्न सकिएको छैन् । तथापि समग्रमा ति कार्यालयका प्रयासहरुलाई संक्षेपमा समेट्ने प्रयास गरिएको छ ।

अनुसुचि २ र ३ का विषयवस्तुहरु नीतिगत विश्लेषण तालिकामा समेटि प्रस्तुतिको गुणस्तर कायम गर्ने प्रयास गरिएको छ ।

### १.७ सामाजिक परिक्षण प्रकृया

**बृहत् छलफल (प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल) कार्यक्रमको विवरण**

सहजकर्ताको तर्फवाट पेश भएको प्रतिवेदन र प्रस्तुति स्थानीय भेलामा प्रस्तुत गरिएको थियो । मिति: २०८० अषाढ २२ गते गाउँपालिकाका अध्यक्षको कार्यकक्षमा आयोजित बृहत छलफलमा पालिकाको जनप्रतिनिधीहरु, स्थानिय अगुवा युवा, पत्रकार, उपभोक्ताका प्रतिनिधीहरु, नागरिक समाज, महिला, बालबालिका तथा पिछडिएको बर्गहरुको प्रतिनिधी लगायतको सहभागिता रहेको थियो ।


प्रतिवेदन प्रस्तुति कार्यक्रममा विवरण प्रस्तुत भएपछि निम्न प्रकारका प्रश्नहरू माथि खुला छलफल भयो र सहभागीहरूको प्रतिक्रिया तथा सुझाव प्राप्त भयो ।

- गाउँपालिकाले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव
- पालिकाले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति
- पालिकाले समयमा सेवा सुविधा दिन सेवा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू
- स्थानीय तहको तर्फबाट तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता
- बालवालिका, महिला, दलित, जनजाति,गरिब, जेष्ठ नागरिक, सिमान्तकृत समुदाय तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता
- स्थानीय तहले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर
- पालिकाको विकासका प्राथमिकता तथा भौत्तिक एंव सामाजिक विकासका सवाल तथा प्राथामिकता
- सामाजिक उत्तरदायित्व पूरा गर्न जनप्रतिनिधी तथा कर्मचारीहरुको लागि गुणस्तरिय सेवा तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू यसै प्रतिवेदनमा संलग्न गरि पालिकामा पेस गरिएको छ ।

*२ . गाउँपालिकाको संक्षिप्त विवरण*

भगवान गौत्तम बुद्धको जन्मस्थल लुम्बिनी क्षेत्र संग जोडिएको शुद्धोधन गाउँपालिका कपिलवस्तु जिल्लाको पूर्वी क्षेत्रमा अवस्थित स्थानिय तह हो । गौतम बुद्धका पिता कपिलवस्तुका तत्कालिन राजा शुद्धोधनको नामबाट नामाकरण गरिएको शुद्धोधन गाउँपालिका साविकका ६ वटा गाविसहरु मिलेर बनेको पालिका हो । साविकका ६ गाउँ विकास समितिहरु पतरिया, नन्दनगर, लवनी, हथिहवा र बासखोरलाई मिलाएर यस गाउँपालिकाको स्थापना भएको हो । यो गाउँपालिका एतिहासिक तथा आर्थिक हिसावले परापुर्व काल देखि नै एक महत्वपूर्ण विशिष्ट स्थलको रुपमा परिचित हुँदै आएको छ । बुद्धको जन्मस्थल लुम्बिनी र प्राचिन कपिलवस्तुको राजधानी तिलौराकोटलाई जोड्ने राजमार्गको बिचमा रहेको यस गाउँपालिकाको भूभाग समथर तथा उब्जाउ छ । यस गाउँपालिकाको पूर्वमा रुपन्देही जिल्ला,पशचिममा माया देवी गाउँपालिका ,उत्तरमा बाणगंगा नगरपालिका तथा दक्षिणमा भारत रहेको छ, यस गाउँपालिकाको क्षेत्रफल ९१.९९ वर्ग किलोमिटर छ ।

## २.१ पालिकाको नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## २.३ पालिकाको जनसंख्या विवरण

बि.स. २०७८ को जनगणना अनुसार शुद्धोधन गाउँपालिकाको कुल जनसंख्या: ५२८६१ रहेको छ । जस अनुसार महिला: २६९०० र पुरुषको जनसंख्या २५९६१ रहेको छ ।

## २.४ पालिकाका जनप्रतिनिधीहरुको विवरण

| क्र.सं. | नामथर | पद | वडा नं. | फोन नं. |
|---|---|---|---|---|
| १ | कमलेश शरण चौधरी | अध्यक्ष | ६ | ९८५७०५२१०३ |
| २ | होम प्रकाश चौधरी (कुर्मी) | उपाध्यक्ष | ५ | ९८५७०१५२६८ |
| ३ | मनिषा पासी | महिला सदस्य (गाउँ कार्यपालिका) | ३ | ९८२७४१८१७४ |
| ४ | जिन्ना खातुन/डफाली | महिला सदस्य (गाउँ कार्यपालिका) | ३ | ९८१५४१२५५२ |
| ५ | कुमारी अनिता यादव | महिला सदस्य (गाउँ कार्यपालिका) | ६ | ९८११५०८८२३ |
| ६ | प्रभावती कोरी | महिला सदस्य (गाउँ कार्यपालिका) | २ | ९८२१५३७०६० |
| ७ | प्रिन्स कुमार श्रीवास्तव | दलित वा अल्पसङ्ख्यक सदस्य (गाउँ कार्यपालिका) | ५ | ९८०७४०७१७२ |
| ८ | सुनिता पासी | दलित वा अल्पसङ्ख्यक सदस्य (गाउँ कार्यपालिका) | ३ | ९८२१०८२७०० |
| ९ | तिलकराम यादव | वडा अध्यक्ष | १ | ९८०६९११७८२ |
| १० | मिना फकिर | महिला सदस्य | १ | ९८०६९६३७९४ |
| ११ | ज्ञानमती चमार | दलित महिला सदस्य | १ | ९८११४४०६८२ |
| १२ | मोहम्मद रफिक मुसलमान | सदस्य | १ | ९८२१५२३३८६ |
| १३ | नथई प्रसाद अहिर | सदस्य | १ | ९८०५४३२६२४ |
| १४ | मनोज कुमार यादव | वडा अध्यक्ष | २ | ९८४७०६२१०९ |
| १५ | आरती लोध | महिला सदस्य | २ | ९८१३८९५६१५ |
| १६ | लुक्कु अहिर | सदस्य | २ | ९८१२९१७०७२ |
| १७ | प्रहलाद मल्लाह | सदस्य | २ | ९८१९४५९११२ |
| १८ | महिबुद्धिन मुसलमान | वडा अध्यक्ष | ३ | ९८२१९२२१३० |
| १९ | राम केवल यादव | सदस्य | ३ | ९८२७५७९६९५ |

| | | | | |
|---|---|---|---|---|
| २० | मोहरत राम गडरीया | सदस्य | ३ | ९८१४४४६७०९ |
| २१ | नरेश अहिर | वडा अध्यक्ष | ४ | ९८०६९०८४८२ |
| २२ | चैनमती भुज | महिला सदस्य | ४ | ९८१७५०९१९५ |
| २३ | उषा धोवी | दलित महिला सदस्य | ४ | ९८२१४४३५४९ |
| २४ | धर्म राज अहिर | सदस्य | ४ | ९८११४०७७२४ |
| २५ | राज कुमार चाई | सदस्य | ४ | ९८०६९४७५७२ |
| २६ | आशुतोष कुमार सिंह | वडा अध्यक्ष | ५ | ९८०५४५१२४४ |
| २७ | प्रेमा देवी यादव | महिला सदस्य | ५ | ९८२५४६९९७३ |
| २८ | आशा धोवी | दलित महिला सदस्य | ५ | ९८०५४३५३९५ |
| २९ | रामशरन यादव | सदस्य | ५ | ९८११४६४६८७ |
| ३० | मुहम्मद हुसेन मुसलमान | सदस्य | ५ | ९८११५८०८९५ |
| ३१ | बिजय बहादुर यादव | वडा अध्यक्ष | ६ | ९८१७४१३९९९ |
| ३२ | मीना कुमारी पासी | दलित महिला सदस्य | ६ | ९८११९५९१७९ |
| ३३ | कुम्भ करण अहिर | सदस्य | ६ | ९८०७५४७६९३ |

## २.४ पालिकाका कर्मचारीहरुको विवरण

### शुद्धोधन गाउँपालिका, लवनी, कपिलवस्तु

| शुद्धोधन गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुको विवरण | | | |
|---|---|---|---|
| सि.नं. | पद | कर्मचारीको नाम | स्थायी ठेगाना |
| 1 | प्रमुख प्रशासकीय अधिकृत | कृष्ण प्रसाद ज्ञवाली | |
| | आर्थिक प्रशासन शाखा | | |
| 2 | लेखा अधिकृत | ऋषिदेव अर्याल | मालिका गा.पा. ४, गुल्मी |
| 3 | आ. ले. प. | विप्लव बन्जाडे | सि.न.पा. 8, रुपन्देही |
| | प्रशासन शाखा | | |
| 4 | अधिकृत छैठौं | ईश्वरी प्रसाद न्यौपाने | वा.न.पा. 8, कपिलवस्तु |
| 5 | कम्प्युटर अपरेटर | एलिना के.सी. | वा.न.पा. ४, कपिलवस्तु |
| | राजश्व तथा लघु उद्यम विकास शाखा | | |
| 6 | लेखापाल | जियाउरर्हमान खाँ | शु.गा.पा 3, कपिलवस्तु |
| 7 | उद्यम विकास सहजकर्ता | रामपती चौधरी | वा.न.पा. 10, कपिलवस्तु |
| | शिक्षा, युवा तथा खेलकुद विकास शाखा | | |
| 8 | शिक्षा अधिकृत | धनी प्रसाद शर्मा | सैनामैना ८ रुपन्देही |
| 9 | आ. ई. टि. अफिसर | पवन अग्रहरी | क.व.न.पा. 2, कपिलवस्तु |
| 10 | प्रा. स. | द्रोर्ण प्रसाद अर्याल | मालिका गा.पा. २, गुल्मी |
| | योजना तथा अनुगमन शाखा | | |
| 11 | अधिकृत छैठौं | सन्तोष कुमार श्रीवास्तव | सि.न.पा. 8, रुपन्देही |
| 12 | योजना सहायक | करण कपुर उपाध्यय | क.व.न.पा. १, कपिलवस्तु |
| | पुर्वाधार विकास शाखा | | |
| 13 | ईन्जिनियर | कुश्मावतीदेवी चौधरी कुर्मी | क.व.न.पा. ८, कपिलवस्तु |
| 14 | सब-ईन्जिनियर | उमेश ज्ञवाली | काठमाडौ महानगरपालिका |
| 15 | | संदिप कुमार चौवे | महाराजगंज न.पा. ८, कपिलवस्तु |
| 16 | अ. सब-ईन्जिनियर | आलम खाँ डफाली | शु.गा.पा 3. कपिलवस्तु |
| 17 | | संजीव शाहनी | ओमसतिया गा.पा. 8, रुपन्देही |
| 18 | | संगम पौडेल | बुद्धभुमी न.पा. 3, कपिलवस्तु |
| 19 | | ईन्द्रमणी खनाल | मालारानी गा.पा. 4, अर्घाखाँची |
| 20 | | सर्वेशमणी तिवारी | शु.गा.पा 3, कपिलवस्तु |
| 21 | अमिन | संदिप कुमार बरई | शु.गा.पा. 3, कपिलवस्तु |
| | सामाजिक सुरक्षा तथा पंजीकरण शाखा | | |
| 22 | एम. आई. एस. अपरेटर | सुरेश कहार | शु.गा.पा. 3, कपिलवस्तु |
| 23 | फिल्ड सहायक | सच्चाराम चमार | शु.गा.पा. ६, कपिलवस्तु |
| | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | | |
| 24 | स. म. वि. नि. | राधिका खनाल पाण्डेय | लु.स.न.पा. 8, रुपन्देही |
| | बहुक्षेत्रिय पोषण शाखा | | |
| 25 | पोषण संयोजक | रिना थारु | वा.न.पा. 8, कपिलवस्तु |

| | | | |
|---|---|---|---|
| | खानेपानी तथा सरसफाई शाखा | | |
| 26 | वास संयोजक | सूर्य प्रसाद पोखेल | सैनामैना २ रुपन्देही |
| 27 | वास सहजकर्ता | वृजेश कुमार चौधरी | शु.गा.पा. १ कपिलवस्तु |
| 28 | | महेन्द्र पाण्डेय | कपिलवस्तु न.पा. कपिलवस्तु |
| | पशु सेवा शाखा | | |
| 29 | ना. प. स्वा. प्रा. | मणि प्रसाद गैरे | वा.न.पा. 11, कपिलवस्तु |
| 30 | | रविना गैरे | शिवराज नगरपालिका 2 कपिलवस्तु |
| | कृषि सेवा शाखा | | |
| 31 | प्रा. स. | राजेश कुमार चौधरी | क.व.न.पा. 5, कपिलवस्तु |
| 32 | | श्यामसुन्दर यादव | यशोधरा गा.पा. 5 कपिलवस्तु |
| 33 | ना. प्रा. स. | माया खनाल | क.व.न.पा. 10, कपिलवस्तु |
| 34 | | स्नेहा चन्द | दार्मा गा.पा. 5, सल्यान |
| | आयुर्वेद शाखा | | |
| 35 | कविराज निरिक्षक | सुधा कुमारी द्धिवेदी | मायादेवी गा.पा. ६ डुमरा |
| 36 | वरिष्ठ वैद्य पाचौं | शिवलाल गैरे | बुद्धभुमी गा.पा. 1 कपिलवस्तु |
| 37 | कार्यालय सहयोगी | केशव चौधरी | कपिलवस्तु न.पा.10 |
| 38 | औषधी कुटुवा | कुमारी किरण द्धिवेदी | लु.स.न.पा. 1 कपिलवस्तु |
| | गरिबसँग विश्वेश्वर कार्यक्रम शाखा | | |
| 39 | सामाजिक परिचालक | टुम नारायण चौधरी | शु.गा.पा. ६, कपिलवस्तु |
| 40 | | अल्गु प्रसाद चौधरी | शु.गा.पा. ३, कपिलवस्तु |
| | सवारी चालक, कार्यालय सहयोगी तथा अन्य | | |
| 41 | हलुका सवारी चालक | सोहरत कुर्मी | शु.गा.पा. 3, कपिलवस्तु |
| 42 | | कमल भटरा | क.व.न.पा. |
| 43 | हेभी सवारी चालक | अब्जाल जोगी | शु.गा.पा. 2, कपिलवस्तु |
| 44 | टेक्ट्रर चालक | सहावुद्धिन मुसलमान | शु.गा.पा. 6, कपिलवस्तु |
| 45 | ईल्क्ट्रीसियन | कृष्ण बहादुर यादव | शु.गा.पा. 6, कपिलवस्तु |
| 46 | कार्यालय सहयोगी | उमेश चौधरी कुर्मी | लु.स.न.पा. |
| 47 | | सूर्यकान्त चौवे | शु.गा.पा. 4, कपिलवस्तु |
| 48 | | नवी हुसेन मुसलमान | शु.गा.पा. 4, कपिलवस्तु |
| 49 | | सुनिल कुमार माली | शु.गा.पा. ५, कपिलवस्तु |
| 50 | | मुकेश कुमार चौधरी कुर्मी | शु.गा.पा. 6, कपिलवस्तु |
| 51 | | लक्ष्मण न्यौपाने | गैडहवा गा .पा. 3 रुपन्देही |
| 52 | सफाईकर्मी | अब्दुल समद मुसलमान | शु.गा.पा. 3, कपिलवस्तु |
| | स्वास्थ्य शाखा | | |
| 53 | स्वास्थ्य संयोजक | असफाक अहमद खाँ | शु.गा.पा. 3, कपिलवस्तु |
| 54 | अ. हे. व. | आदेश कुमार श्रीवास्तव | मायादेवी गा.पा. 2, कपिलवस्तु |
| | पतरिया स्वास्थ्य चौकी, १ नं. वडा | | |
| 55 | सि. अ. हे.व. अधिकृत | नाथुराम थारु | वा.न.पा. 11, कपिलवस्तु |

| | | | |
|---|---|---|---|
| 56 | अ. हे. व. | निराजन चौधरी | वा.न.पा. 2, कपिलवस्तु |
| 57 | | अकरम हुसेन मुसलमान | शु.गा.पा. 4, कपिलवस्तु |
| 58 | | सर्वजित यादव | शु.गा.पा. १, कपिलवस्तु |
| 59 | अ. न. मी. | राधा थापा | वा.न.पा. ४, कपिलवस्तु |
| 60 | | सिता कुमारी थारु | वा.न.पा. २, कपिलवस्तु |
| 61 | | विनिता चौधरी | वा.न.पा. 10, कपिलवस्तु |
| 62 | ल्याब असिस्टेन्ट | सिर्जना थारु | वा.न.पा. 10, कपिलवस्तु |
| 63 | एम्बुलेन्स चालक | पिंगल कुर्मी | शु.गा.पा 1, कपिलवस्तु |
| 64 | पाले/चौकीदार | चन्द्र प्रकाश नाउ | शु.गा.पा 1, कपिलवस्तु |
| 65 | सफाईकर्मी | सावित्री थारु | शु.गा.पा 1, कपिलवस्तु |
| 66 | | प्रमिलादेवी यादव | शु.गा.पा. 3, कपिलवस्तु |
| | नन्दनगर स्वास्थ्य चौकी, २ नं. वडा | | |
| 67 | ज. स्वा. नि. | टिकाराम पौडेल | वा.न.पा 1, कपिलवस्तु |
| 68 | अ. हे. व. | रविशंकर जैसवाल | गैडहवा गा .पा. 3 रुपन्देही |
| 69 | | दिनेश कुमार यादव | मायादेवी गा.पा. 6, कपिलवस्तु |
| 70 | अ. न. मी. | शुशिला घिमिरे | वा.न.पा. 1, कपिलवस्तु |
| 71 | एम्बुलेन्स चालक | चौधरी मल्लाह | शु.गा.पा. 2, कपिलवस्तु |
| 72 | कार्यालय सहयोगी | राम सुरेश यादव | शु.गा.पा. 3, कपिलवस्तु |
| | लवनी स्वास्थ्य चौकी, ३ नं. वडा | | |
| 73 | अ. हे. व. | अब्दुल्लाह मुसलमान | शु.गा.पा. 6, कपिलवस्तु |
| 74 | सि. अ. न. मी. | हुमा कुमारी शर्मा | शु.गा.पा. 3, कपिलवस्तु |
| 75 | हे. अ. | लिलाधर यादव | शु.गा.पा. ४, कपिलवस्तु |
| 76 | अ. हे. व. | ममता घर्ति मगर | सैनामैना 11, रुपन्देही |
| 77 | अ. हे. व. | अनिल कुमार कुर्मी | शु.गा.पा. 4, कपिलवस्तु |
| 78 | ल्याब असिस्टेन्ट | रुपा बरई | मायादेवी गा. पा. ३, कपिलवस्तु |
| 79 | एम्बुलेन्स चालक | हरिकृष्ण लोध | शु.गा.पा. 6, कपिलवस्तु |
| 80 | कार्यालय सहयोगी | श्याम सुन्दर यादव | शु.गा.पा. ३, कपिलवस्तु |
| 81 | सफाईकर्मी | रिता चमार | शु.गा.पा. ३, कपिलवस्तु |
| 82 | | नैनमती पासी | शु.गा.पा. ३, कपिलवस्तु |
| 83 | पाले/चौकीदार | कृष्ण बहादुर पासी | शु.गा.पा. ३, कपिलवस्तु |
| | विठुवा स्वास्थ्य चौकी, ४ नं. वडा | | |
| 84 | अ. हे. व. | तौआव अलि मुसलमान | शु.गा.पा. 6, कपिलवस्तु |
| 85 | सि. अ. न. मी. | राधिका देवि चाईन | शु.गा.पा. 4, कपिलवस्तु |
| 86 | | किरण धोवी | शु.गा.पा. 4, कपिलवस्तु |
| 87 | अ. हे. व. | तकद्धिरुन निशा | शु.गा.पा. 3, कपिलवस्तु |
| 88 | | अशोक कुमार चौधरी | शु.गा.पा. 5, कपिलवस्तु |
| 89 | एम्बुलेन्स चालक | महबुब अलि मुसलमान | शु.गा.पा. 4, कपिलवस्तु |
| 90 | कार्यालय सहयोगी | जाकिर हुसेन मुसलमान | शु.गा.पा. 4, कपिलवस्तु |

| | | | |
|---|---|---|---|
| | हथिहवा स्वास्थ्य चौकी, ५ नं. वडा | | |
| 91 | सि. अ. हे. व. अधिकृत | राम कुमार गुप्ता | शु.गा.पा. 2, कपिलवस्तु |
| 92 | सि. अ. न. मी. नि. | गिता श्रीवास्तव | शु.गा.पा. 5, कपिलवस्तु |
| 93 | अ. हे. व. | भिमा कुमारी यादव | शु.गा.पा. 2, कपिलवस्तु |
| 94 | | सन्तोष कोरी | शु.गा.पा. ६, कपिलवस्तु |
| 95 | | अब्दुल कलाम मुसलमान | शु.गा.पा. ६, कपिलवस्तु |
| 96 | ल्याब असिस्टेन्ट | अतुल कुमार श्रीवास्तव | शु.गा.पा. 5, कपिलवस्तु |
| 97 | एम्बुलेन्स चालक | योगेन्द्र कुमार यादव | शु.गा.पा. 5, कपिलवस्तु |
| 98 | कार्यालय सहयोगी | अब्दुल अहद डफाली | शु.गा.पा. 3, कपिलवस्तु |
| | बाँसखोर स्वास्थ्य चौकी, ६ नं. वडा | | |
| 99 | सि. अ. हे. व. अधिकृत | राम कृष्ण पन्थी | वा.न.पा. 8, कपिलवस्तु |
| 100 | सि .अ. न. मी. | अंजली श्रीवास्तव | क.व.न.पा. 1 कपिलवस्तु |
| 101 | अ. न. मी. | श्यामकला नेपाली | वा.न.पा. 10 क.व. |
| 102 | अ. हे. व. | चन्द्रसेन चौधरी | शु.गा.पा. 2, कपिलवस्तु |
| 103 | ल्याब असिस्टेन्ट | दान बहादुर यादव | शु.गा.पा. ६, कपिलवस्तु |
| 104 | एम्बुलेन्स चालक | पवन कुमार यादव | शु.गा.पा. 6, कपिलवस्तु |
| 105 | कार्यालय सहयोगी | चन्द्रराम कुर्मी | मायादेवी गा.पा. 6, कपिलवस्तु |
| | वडा कार्यालय अन्तर्गतका कर्मचारीहरु<br>१ नं. वडा कार्यालय, पतरिया, क.व. | | |
| | | | |
| 106 | वडा सचिव | कमल थापा क्षेत्री | मालारानी गा.पा. 6, अर्घाखाँची |
| 107 | कार्यालय सहायक | सरिता नेपाल | शु.गा.पा. 1, कपिलवस्तु |
| 108 | ना. प्रा. स. | राम किशोर थारु | वा.न.पा. 5, कोपवा |
| 109 | सामाजिक परिचालिका | शारदा भुसाल | शु.गा.पा. 1, कपिलवस्तु |
| 110 | कार्यालय सहयोगी | गणेश बहादुर थारु | शु.गा.पा. 1, कपिलवस्तु |
| | | | |
| 111 | वडासचिव | ईश्वरी प्रसाद न्यौपाने | वा.न.पा. 8, कपिलवस्तु |
| 112 | मुखिया | शिवशंकर यादव | शु.गा.पा. 2, कपिलवस्तु |
| 113 | ना. प्रा. स. | मोहम्मद रफिक मुसलमान | मायादेवी गा.पा. 1, कपिलवस्तु |
| 114 | सामाजिक परिचालिका | दुर्गा कुमारी चौधरी | शु.गा.पा. 2, कपिलवस्तु |
| 115 | कार्यालय सहयोगी | सिमिरती चौधरी | शु.गा.पा. 2, कपिलवस्तु |
| | | | |
| 116 | वडा सचिव | राजेश कुमार कुर्मी | लु.स.न.पा. |
| 117 | ना. प्रा. स. | शैलेश कुमार पाठक | धनकौली १, कपिलवस्तु |
| 118 | सामाजिक परिचालक | कर्ताराम हरिजन | शु.गा.पा. 3, कपिलवस्तु |
| 119 | कार्यालय सहयोगी | नूर मोहम्मद धुनिया | शु.गा.पा. 3, कपिलवस्तु |
| | | | |
| 120 | वडा सचिव | राजेश कुमार कुर्मी | लु.स.न.पा. |
| 121 | कार्यालय सहायक | उमाशंकर पाण्डेय | शु.गा.पा. 6, कपिलवस्तु |

| | | | |
|---|---|---|---|
| 122 | ना. प्रा. स. | बसन्त अर्याल | बुद्धभुमी न.पा. २, कपिलवस्तु |
| 123 | कार्यालय सहयोगी | दयाराम यादव | शु.गा.पा. 3, कपिलवस्तु |
| 124 | | ब्रम्हानन्द कँहार | शु.गा.पा. ४, कपिलवस्तु |
| 125 | सामाजिक परिचालक | विक्रम पासी | शु.गा.पा. ४. कपिलवस्तु |
| | | | |
| 126 | वडासचिव | सभाजीत चौधरी | शु.गा.पा. ५, कपिलवस्तु |
| 127 | सामाजिक परिचालिका | अशोक कुमार सिंह | शु.गा.पा. ५, कपिलवस्तु |
| 128 | कार्यालय सहयोगी | मुनिरिका यादव | शु.गा.पा. ५, कपिलवस्तु |
| | ६ नं. वडा कार्यालय, बिमिँहा, क.व. | | |
| 129 | वडासचिव | बद्रि प्रसाद यादव | शु.गा.पा. ६, कपिलवस्तु |
| 130 | मुखिया | गिता देवी गुप्ता | मायादेवी गाउँपालिका |
| 131 | ना. प्रा. स. | अनुप मरासिनी | वा.न.पा. 6, कपिलवस्तु |
| 132 | ना. प्रा. स. | विश्वनारायण चौधरी | वा.न.पा. 10, कपिलवस्तु |
| 133 | कार्यालय सहयोगी | गोरखनाथ कोहार | शु.गा.पा. ६, कपिलवस्तु |
| 134 | सामाजिक परिचालिका | गुन्जेश्वरी चौधरी | शु.गा.पा. ६, कपिलवस्तु |

३. शुद्धोधन गाउँपालिकाको प्रमुख लक्ष्य तथा प्राथमिकताहरु

शुद्धोधन गाउँपालिकाले पालिकाले सर्वांगीण विकास एंव समृद्धिको मार्ग प्रसस्त गर्न देहाय बमोजिमको लक्ष्य निरधारण गरेको छ ।

- गुणस्तरीय शिक्षा र जीवन उपयोगी सिपहरूको अवसरहरू प्रवर्द्धन गर्ने ।
- नागरिकाहरूका लागि गुणस्तरिय स्वास्थ्य सेवा पंहुच अभिवृद्धी गर्ने ।
- ग्रामीण पूर्वाधार विकास, अंपाग मैत्री पूर्वाधार निर्माण र मर्मत सम्भारमा सुधार गर्ने ।
- कृषि उत्पादकत्व र ग्रामीण जीवनयापन प्रवर्द्धन
- गरिबी उन्मूलन र खाद्य सुरक्षा सुनिश्चित गर्ने ।
- प्रभावकारी सुशासन र स्थानीय प्रशासनलाई सुनिश्चित गर्ने
- लैङ्गिक समानता, महिला, किशोरी सशक्तिकरण मार्फत दिगो र समावेशी आर्थिक वृद्धि प्रवर्द्धन गर्ने ।
- वातावरण संरक्षण र दिगो विकास प्रवर्द्धन पर्यटन प्रवर्द्धन र स्थानीय सांस्कृतिक सम्पदाको प्रवर्द्धन गर्ने
- विपद् पूर्वतयारी र प्रतिक्रिया क्षमता अभिवृद्धि
- स्वच्छ खानेपानी र सरसफाई सुविधामा पहुँच सहजीकरण गर्ने
- ग्रामीण क्षेत्रमा उद्यमशीलता र आर्थिक विकासको प्रवर्द्धन गर्ने ।
- स्थानीय निकायको सुदृढीकरण र प्रभावकारी सुशासन प्रवर्द्धन गर्ने ।

३.१ गत आर्थिक वर्षका प्रमुख उपलब्धीहरु

- उक्त आ.व.प्रदेश तथा संघीय अन्तरगतका विषयगत शाखाहरुसंग अन्तर सम्बन्ध राम्रो भएको ।
- कृषक समुहतथा कृषिफर्म दर्ता लाई निरन्तर गरिएको ।
- कोभिड -१९ भाइरसको कारणले प्रभावितवीउउत्पादककृषक समुह र विदेशवाट फर्कीएर रोजगार गुमेका व्यक्तीहरुलाई साना कृषिऔजार अनुदानमा वितरण कार्य सफल भएको ।
- कृषकको समस्या समाधानकालागी कृषकको खेतवारीमै प्राविधिकगई समाधान गर्ने कार्य गरेको ।
- कृषि सम्बन्धी सुचना तथा नविनतम प्रविधिहरु कृषिशाखा फेसबुक मार्फत प्रसारण गरी कृषकहरुलाई घरमै बसि बसि बिभिन्न सुचनातथा कृषि प्रविधिहरु बारे जानकारी लिन सक्ने ब्यबस्था मिलाईएको ।

३.२ यस आर्थिक वर्षका प्रमुख उपलब्धीहरु

*गाउँपालिका र विषयगत शाखाहरुको विवरण सामाजिक परीक्षण कार्यविधि २०६७, अनुसूची २ र ३ बमोजिमको विवरण समेत संलग्न गरिएको छ । शुद्धोधन गाउँपालिका कपिलवस्तुको सामाजिक जिम्मेवारी सम्पादन तर्फ यस सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरु यस प्रकार छन ।*

- काममा प्रभावकारीता निरन्तर बढ्दै गएको छ । उपभोक्ता समिति मार्फत विकास निर्माणको काम भएको देखिएको छ ।
- गाउँपालिकाका वडाका जनप्रतिनिधि देखी गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कर्मचारी, सरोकारवाला, विषयगत शाखाहरु र नागरिक संमाजहरुबीच सहकार्य र समन्वय भएको ।
- गुणस्तरिय शिक्षा तथा सबै बालिबालिकाहरुलाई बिद्यालयमा टिकाउनको लागि बिभन्न सकारात्म प्रयासहरु भएका छन् । पालिकाले जिल्लामै उद्दारणिय रुपमा अति सिमान्तकृत समुदाय नेटुवा समुदायका बालबालिका हरुलाई बिद्यालयमा आकर्षणको लागि प्रोत्साहान भत्ता बिरतरण एंव निरन्तरता दिएको छ, माध्यमिक तहका छात्राहरुको बिद्यालयमा निरन्तरताको लागि ८५१ छात्रालाई साइकल वितरण, विद्यालयहरुमा दिवा खाजा कार्यक्रम संचालन एंव आईसिटी, बिज्ञान प्रयोगशाला र पुस्तकालयहरुको व्यवस्थापन भएको छ ।
- भौत्तिक पुर्वाधार तर्फ गुणस्तरमा सुधार ।यस आर्थिक वर्षमा यस पालिका भित्र ६ हजार १८० मिटर नयाँ सडक निमार्ण तथा माटोको भएको छ भने ४ हजार ६ सय ४ मिटर सडक ग्राभेल गरिएको छ । यस्तै २ हजार ७६ मिटर पिसिसि ढलान सडक निमार्ण भएको छ ।
- सबै नागरिकलाई स्वास्थ्य सेवामा पंहुचका लागि पालिका पहल गरेको पाईएको छ । अस्पताल निमार्ण तथा स्वास्थ्य चौकीहरुको स्तरबृद्धिको लागि पहल कदमी ।
- १० सैयाको अस्पताल निमार्णको लागि टेण्डर आहवान गरि स्वीकृत भएको । स्वास्थ्य संस्थाहरुको निरन्तर अनुगमन, सरसफाईमा व्वस्थापन
- गाउँपालिका भित्रका सम्पुर्ण वडाहरुमा गर्भवतीहरुलाई नि: शुल्क एम्बुलेन्स सेवा मातृ शिशु सुरक्षाको लागि अत्यान्तै प्रभावकारी बनेको छ ।
- भौत्तिक पुर्वाधार तथा योजनाहरुको कार्यन्वयन हुनु, बालश्रम न्यूनीकरणका लागि स्थानीय गैसससँगको समन्वयमा कार्य हुनु ।
- गाउँपालिकाको भवन निमार्णको लागि जग्गाको व्यवस्थापनको लागि बिभिन्न पक्षहरुसंग छलफल तथा अन्तरकृया र सहयकार्य भएको पाईएको छ ।
- सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत भत्ता प्राप्त गर्नेहरुको सूची अद्यावधिक गर्दै उक्त भत्ता वितरणलाई बैंक मार्फत गराईएको ।
- योजना कार्यन्वयनमा महिला तथा पिछडावर्गको सहभागितामा वृद्धि हुनु, खानेपानी तथा सरसफाईमा सुधार आउनु, स्वास्थ्य सेवाको पहुँचमा सुधार आउनु, विद्यालयको भौतिक पूर्वाधार बिस्तार हुनु, वातावरण सुधारकालागि विभिन्न कार्यक्रमहरु सञ्चालन हुनु ।
- कृषीक्षेत्रको विकासका लागि बिउ पलहरु बितरण एंव सिचाईमा उल्लेखनिय काम भएको छ डिप बोरिगं जडान भईहरको छ ।
- गाउँपालिकाले खानेपानी आयोजनाहरु निर्माण र संचालनमा निरन्तरता दिएको स्वच्छ खानेपानीको लागि ह्याण्ड पाइप वितरण तथा वार्ड नं. ०४ रमवापुर गाउँलाई सुरक्षित खानेपानी युक्त समुदाय घोषणा भएको ।

- नीति कार्यक्रम तथा बजेट निमार्णमा वडा देखी पालिका सम्मको कार्यक्रम र बजेट विनियोजन गरी कार्यन्वयन गरिएको छ ।
- न्यायिक समिति सहज तरिकाले अगाडी बढेको छ । पालिकामा यस आर्थिक वर्षमा २८१ वटा घटना दर्ता भएकोमा २२५ वटा मिला पत्र भएको ५६ वटा बाँकी रहेको छ ।
- शुद्धोधन गाउँपालिकाले किशोरी समुह, युवा संजालहरु, महिला समुह, नागरिक संघ संस्था, बाल समुह सञ्जाललाई, सिमान्तकृत समुदाय मैत्री तवरमा आफ्ना नीति कार्यक्रम निमार्ण तथा कार्यन्वन गरेको पाइएको छ तथा त्यस्ता कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि सम्बन्धित संजाल, समुह तथा संस्थाहरुलाई जिम्मेवार बनाएको छ ।
- गाउँपालिकाको योजना तर्जुमा प्रकृया, कार्यपालिकाको नियमित बैठक, वडा तथा गाउँ सभा, सामाजिक परिक्षण, सार्बजनिक सुनुवाई जस्ता कार्यक्रममा पालिकावासीहरुको चाँसो भएको पाईयो ।
- स्वास्थ्य संस्थाहरुको निरन्तर अनुगमन तथा सरसफाईको पहल गरेको पाईएको छ ।
- पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत ५६ जनालाई रोजगार समेत प्रवाह गरेको छ ।
- पालिकाको जवाफदेहीता र सुशासनको लागि सूचनाहरु प्रवाह गर्ने र सूचना माग्ने तथा दिने कार्यहरु भएको छ ।
- पालिकाको वार्ड नं. ६ मा भवन निमार्णको लागि १७ कठ्ठा ७ धुर जग्गाको व्यवस्थापन गरिएको पाईयो ।
- पालिकाको स्वास्थ्य ऐन तैयारी अवस्थामा, कानुनको रुपमा ल्याउनको लागि आगामी सभामा पेस गर्ने तैयारी भएको पाईएको छ जस्ले नीतिगत प्रष्टता एंव नीजि स्वास्थ्य संस्थाहरुको व्यवस्थापन मद्दत गर्ने देखिन्छ ।
- गाउँपलिकाका ६ वटै वडामा शुन्य होम डेलीभरी गर्न सफल जस्ले मातृ शिशु मृत्युको जोखिमलाई न्यूनीकरण गरेको पाईएको छ ।
- वार्ड नं. ५ र १  स्वास्थ्य चौकीमामा सुरक्षित गर्भपतनको सेवा विस्तार गरिएको छ, जस्ले गर्दा सेवा ग्राहीहरुलाई सहज हुनुका साथै अशुरक्षित गर्भपतबाट हुने जोखिमहरुलाई न्यूनीकरण गर्न मद्दत गरेको छ ।
- पालिकाको वार्ड ३ लवनी स्वास्थय चौकीमा गर्भवतीहरुको चेक जाँचको लागि भिडियो एक्सरे सेवा विस्तार गरिएको छ जस्ले गर्दा गर्भवतीहरुलाइ चेकजाँचको भैरहवा तथा बुटवलका महंगा अस्पतालहरुमा जानु पर्ने बाध्यताबाट मुक्ति मिलेको छ ।
- पालिकाको वार्ड नं. ०३ र ०४ मा दुई वटा खोप तथा गाउँ घर किल्नीक निमार्ण गरिएको छ ।
- पालिकाको स्वास्थ्य क्षेत्रको विकास एंव गुणस्तरिय स्वास्थ्य सेवाको लागि  बिभिन्न सामाजिक संस्थाहरु संग सहकार्य समेत भएको देखिन्छ ।

४. सामाजिक परिक्षण अन्तिम प्रतिवेदन २०८०/०८१ सामाजिक जिम्मेबारी र कार्य सम्पादनको लेखाजोखा सामाजिक जिम्मेबारी र कार्य सम्पादनको लेखाजोखाका आधारहरु विषयगत शाखाको अन्तरकृया, वार्षिक प्रगति समिक्षा

४.१ स्वास्थ्य क्षेत्र:

- सरकारी अस्पताल: ०
- प्राथमिक स्वास्थ्य केन्द्र: ०
- स्वास्थ्य चौकी: ७ वटा
- आधारभूत स्वास्थ्य इकाई: १ व्टा
- गाउँघर क्लिनिक २४
- खोप किलनिक: २१
- निजी तथा गैर सरकारी अस्पताल: ०
- स्वास्थ्य तर्फ कर्मचारी संख्या:

महिला स्वमसेविसकाहरु: ८३ जना
अहेव:
डाक्टर
नर्स:
अनमी:
सहयोगी कर्मचारी :

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत बर्षको अवस्था | यस वर्ष गरिएका प्रयासहरु | उपलव्धी |
|---|---|---|---|
| स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | गाउँपालिका भित्र प्रत्येक वार्ड रहेका स्वास्थय संस्थाहरुमा एक घन्टा भित्र पुग्न सकिने अवस्था रहेको | गाउँपालिका भित्र रहेको सडकहरु स्तर बृद्धि, कच्चीलाई पक्की गर्ने, ग्राभेल गर्ने तथा पुल एंव कल्भर्ट निमार्णको कार्यहरु भइरहेको । बिभिन्न वार्डमा स्वास्थय चौकीको आफ्नै भवन निमार्णको लागि जग्गा व्यवस्थापन गर्ने लगायतका कार्यहरु भैरहेका छन् | सडक संजालको व्यापकताले स्वास्थय संस्थामा आवत, जावत गर्न सहज भएको । |

| | | | |
|---|---|---|---|
| ५ बर्ष मुनीका बालबालिका | ६४०० करिव रहेको र | यस बालबालिकाहरु संख्या ६५५१ रहेको । सुनौला हजार दिनका कार्यक्रमहरु संचालन, बालबालिकालाई खोप तथा भिटामिन ए कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन, जनचेतना मुलक कार्यक्रम | मातृ एंव बाल मृत्युदरमा कमी, स्वच्छ बच्चाहरु जन्मने एंव कुपोषण सम्भावना न्यून |
| खोपमा पहुँच भएको जनसंस्या (एक बर्ष मुनीका बालबालिकाको आधारमा) | १०२३ जना बालबालिहरुको खोप लगाएको शत प्रतिशत | निरन्तर फ्लोअप जनचेतना फैलाउने काम | १३१२ बालबालिकाहरु खोपमा पंहुच । शत प्रतिशत |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको प्रतिशत | | निरन्तर फ्लोअप जनचेतना फैलाउने काम | १३०० सत प्रतिशत |

४.२ शिक्षा क्षेत्र:

| बिद्यालय | सामुदायिक बिद्यालय | संस्थागत बिद्यालय | धार्मिक बिद्यालय | जम्मा बिद्यालय संख्या |
|---|---|---|---|---|
| आधारभूत बिद्यालय कक्षा १ देखी ५ कक्षा सम्म | १३ | ९ | २३ | ४५ |
| निम्न माध्यपमक बिद्यालय कक्षा १ देखी ८ सम्म | ४ | १ | ० | ५ |
| मावि कक्षा ९ देखी १२ सम्म | ७ | १ | ० | ८ |

| शिक्षा क्षेत्र | गत बर्षको अवस्था | यस वर्ष गरिएका प्रयासहरु | उपलब्धी |
|---|---|---|---|
| आधा घण्टाभित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | ० | ० | ० |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर सत प्रतिशत | जनचेतनामूलक कार्यक्रम, भर्ना अभियान, पोत्साहान भत्ता | पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर सत प्रतिशत |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समुहका बालबालिका संख्या/प्रतिशत | पलिका भित्रका बालबालिकाहरु बिद्यालयको पंहुचमा रहेको | जनचेतनामूलक कार्यक्रम, भर्ना अभियान, पोत्साहान भत्ता | पुर्ण रुपमा बिद्यालयमा पंहुच रहेको । |
| कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | सत प्रतिशत | जनचेतनामूलक कार्यक्रम, भर्ना अभियान, पोत्साहान भत्ता | सत प्रतिशत |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | नभएको । | | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | सत प्रतिशत | तालिम प्राप्त शिक्षक तथा शिक्षिकाहरु आवश्यकता अनुसार थप । | तालिम प्राप्त जनशक्तिले १०० प्रतिशत नतिजा |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | गाउँपालिका भित्र रहेका सम्पुर्ण बिद्यालयहरुमा ३७ बिद्यार्थी प्रति कक्षाकोठा रहेको। | आवश्यकता अनुसार कक्षाकोठाहरु थप गरिदै | कक्षाकोठाहरुमा आवश्यक पूर्वाधार थप गरिदै । नयाँ भवनहरु पनि बनेका । |
| बाह्रय सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | प्रदेश तथा संघीय सरकारको सहयोगमा बिभिन्न बिद्यालयमा ८ वटा कक्षा कोठाहरु नयाँ थप भएको छ। | नयाँ कक्षा कोठा थपले व्यवस्थापनमा सहज र गुणस्तरिय शिक्षामा पंहुच |
| स्थानीय तहबाट निर्मित विद्यालय कोठा संख्या | | पलिकोले दुई बिद्यालयमा ४ वटा कक्षा कोठाहरु थप गरेको छ । | नयाँ कक्षा कोठा थपले व्यवस्थापनमा सहज र गुणस्तरिय शिक्षामा पंहुच |
| दलित बालबालिकाको शिक्षा मा पहुँच | दलित समुदायका १०० प्रतिशत बालबालिकाहरु बिद्यालयमा रहेको | दलित तथा बिपन्न समुदायका बालबालिकाहरुलाई बिद्यालयमा नियमित गर्नका | १०० प्रतिबत बालबालिकाहरु बिद्यालयमा । |

| | | | |
|---|---|---|---|
| | | लागि छात्रावृति, पोसाक शैक्षिक सामाग्री जस्ता कार्यक्रमहरु लागु गरिएको छ। यसै जिल्लामै यस पालिकाले नेटुवा समुदायका बालबालिकालाई बिद्यालयमा नियमित गर्नका लागि मासिक ५०० रुपैया प्रोत्साहन भत्ता उपलब्ध गराएको छ । | |

४.३ खानेपानी तथा सरसफाई: शुद्धोधन गाउँपालिकामा खाने पानी तथा सरसफाईको अवस्था सुधारउन्मुख अवस्थामा रहेको छ । पलिका भित्र रहेका करिव ७५०० घर धुरी मध्ये ८७ प्रतिशतमा स्वच्छ खानेपानीमा पंहुच रहेको छ । तथापी यो क्षेत्र जमिन मुनिको पानिमा भर पर्ने क्षेत्र रहेकोले बैषाख र जेठ महिनामा पानीको समस्या देखिन थालेको छ । यस पालिकामा ८० प्रतिशत घरधुनीले आफ्नै शोचालयको प्रयोग गर्ने गर्दछन् भने शौचालय निमार्णको कार्य जारी रहेको छ ।

| जिम्मेवारी क्षेत्र | गत बर्षको अवस्था | यस वर्ष गरिएका प्रयासहरु | उपलव्धी |
|---|---|---|---|
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | ८४ प्रतिशत | गाउँपालिका भित्र स्वच्छ खानेपानी पुराउनको लागि खानेपानी ट्याकीको निमार्ण, खानेपानी प्रशोधन, चेकजाँच, ह्याण्ड पम्प जडान कार्यहरु भइरहेको छ । | पालिकाको ८७ प्रतिशत भन्दा धेरै जनसंख्याको स्व्चछ खानीपानीमा पानीमा पंहुच भएको छ । सुरक्षित खानेपानी युक्त समुदाय घोषणा, वार्ड नं. ०४ रमवापुर |
| सौचालय भएको संख्या वा प्रतिशत | ७२ प्रतिशत | जनचेतनामूलक कार्यक्रम, | स्वच्छ पालिका निमार्ण |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | पालिकाका अधिकांस बिद्यालयहरु स्वच्छ खानेपानीका कलको धारा प्रयोग भईरहेको छ । | बिद्यालयमा हरुमा स्वच्छ खानेपानीका लागि टंकीहरुको नियमित मर्मत सम्भार, आर्सनिक र ईक्लआई परिक्षण, डि बोरिङ्ग जडान | |
| सौचालय भएको परिवार संख्या | | | |
| सुधारिएको चुलो भएको परिवार संख्या | पालिकामा करिव ४० प्रतिसत घरधुरीमा सुधारिएको चुलो रहेको | | |

| ४.४ बालबालिका, महिला तथा समावेशी क्षेत्र: | | | |
|---|---|---|---|
| जिम्मेवारीको क्षेत्र | गत बर्षको अवस्था | यस वर्ष गरिएका प्रयासहरु | उपलब्धी |
| बाल बिवाहको संख्या सामाजिक बिकृति, विसं | बालबिवाहको संख्या पालिकामा नरहेको । | बालविवाहरु बिरुद्ध जनचेतनामूलक कार्यक्रमहरु निरन्तर | अभिभावक तथा वालवालिकाहरु सचेत । |
| सामाजिक बिकृति, विसंगति | सामान्य छिटपुट मात्रामा घटनाहरु घट्ने गरेका । | यस्ता घटनाहरुको बिरुद्धमा जनचेतनामूलका कार्यक्रम, कानुनी सचेतना । | घटनाहरुमा न्यूनीकरण तथा यस्ता बिकृतीबारे समुदाय जागरुक भएको |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | सामाजिक सुरक्षा भत्ता वितरण, नेटुवा समुदायका बालबालिकालाई थप प्रोत्साहन भत्ता, नेटुवा समुदायलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन संघीय सरकारलाई सिफारिस | संख्याको अध्यावधिक, पोष्टिक आहार, सहयोग सामाग्रीहरु वितरण, न्यानो कपडा वितरण । | स्थानिय सरकारप्रति अपनत्व बढेको । |

| ४.५ जनचेतना तथा गरीबी निवारणका प्रयासहरु | | | |
|---|---|---|---|
| जनचेतना तथा गरीबी निवारणका प्रयासहरु | गरीबी निवारणका प्रयासका लागि सरोकारबालाहरुसंग सहकार्य र समन्वयहरु भएको | गाउँपालिकाले संचालन गर्ने विभिन्न कार्यक्रम र लक्षीत वर्गका कार्यक्रम मार्फत गरीबी निवारणका उपायहरु खेजिएको | गरीबहरुको संख्यामा कमी ल्याउने प्रयास भएका |
| बाल श्रमको अवस्था | बाल श्रमिक भएपनि त्यसको विवरण एकिन नभएको, बालक्लव गठन | बाल श्रम मुक्त गर्ने अभियान र बालमैत्री वडा तथा पालिका अभियान चलाइको, वालक्लव परिचालन | बाल श्रम न्युनिकरण हुदै गएका |
| महिला हिसाँको अवस्था | महिला हिंसाको घटनाहरु भइरहेता पनि यकिन तथ्याकं नरहेको | पालिका तथा वडा स्तरमा महिला हिसाँ विरुद्धका अभियान र कार्यक्रम संचालन भएको, सामाजिक संघ संस्थाहरु संग सहकार्य भएको, | समुदाय यस प्रति जागरुक भएको । |

| | | | |
|---|---|---|---|
| रोजगारीको अवस्था | पालिकाको प्रमुख रोजगारीको क्षेत्र कृषि रहेको छ भने अन्य बैदेशिक रोजगारी तथा व्यापार व्यवसाय, सरकारी कर्मचारी, नीजी तथा बिभिन्न संघ संस्थामा रोजगारी भएता पनि धेरै युवाहरु बेरोजगार रहेको । | कृषि शाखा र दातृ निकायहरुले विउ, मल र उपकरणमा अनुदान दिएको तथा पालिकाले कृषि र पशुका लक्षित वर्गको क्षमता र सिप मुलक तालिम दिदै आएको, प्रधानमन्त्री रोजगार कार्यक्रमले केही दिन रोजगारी दिएको, बिभिन्न सिप मूलक तालिमहरु प्रदान । | कृषि लगायतका क्षेत्रहरु वडाहरुमा रोजगारीको सृजना भएको, स्थानीय बने पछि पालिका मुकामको कारणले व्यवसाय बढेको । |
| स्वरोजगारीको प्रयास र अवसरहरु | एकिन तथ्यांक उपल्वध नभएको( रोजगार शाखाका अनुसार एकमहिने रोजगार ५६ जना) | सरकारले रोजगार शाखालै स्थापना गरेको पालिकाले महिला तथा लक्षित वर्गको क्षमता र सिप मुलक तालिम दिदै आएको | वडाहरुमा कृषि, व्यसायीक, शिप र रोजगारीको सृजना भएको |
| गरिबी निवारणका प्रयासहरु | गाउँपालिका भित्रका विकास निमार्ण लगायतका कामहरुमा स्थानीयलाई प्राथमिकता, बिभिन्न सिपमूलक तालिमहरु | गाउँपालिका भित्रका विकास निमार्ण लगायतका कामहरुमा स्थानीयलाई प्राथमिकता, बिभिन्न सिपमूलक तालिमहरु निरन्तर, बिभिन्न निकायहरु सहकार्य सिडमनी (बिउ पूजी) उपलब्ध गराई साना व्यवसायहरु सहयोग | गरिवि निवारणमा सहयोग |

| **४.६ विकासमा समान सहभागिता एंव सेवाहरुमा पंहुच** | | | |
|---|---|---|---|
| जिम्मेवारीको क्षेत्र | गत बर्षको अवस्था | यस वर्ष गरिएका प्रयासहरु | उपलव्धी |
| सामाजिक परिचालन | विकास कार्यमा नागरिकको सहभागीता वृद्धि भएको | सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक सन्तुष्टि सर्वेक्षणको माध्यमबाट नागरिकको सहभागीता वृद्धि भएको | वडाको योजनाहरु वडाबाटै ल्याउने गरेको |
| विकासमा समान सहभागीता सवालहरुमा पहुच | साविकका वडा नागरीक मन्च, संघसंस्थाहरु, क्लवहरुमा महिला र बालबालिकाको सहभागिता बढेको, वडा बाल संजाल गठन परीचाल बाल अधिकार सम्बन्धि तालिमहरु संचालन, नेतित्व विकास तालिम संचालन | सरकात्मक सोचको विकास सहति समान सहभागिता बढेको | विकासमा समान सहभागीता सवालहरुमा पहुच |

| | | | |
|---|---|---|---|
| | र बाल भित्ते पत्रिका प्रशासन थालेको | | |
| स्थानीय बजारको अवस्था<br>र पुग्न लाग्ने समय | नियमित<br>लाग्ने साना ठूलो हाट तथा बजार रहेको र नागरिकहरु आधा घण्टा भित्र पुग्ने दुरीमा छ । | बजारहरुको स्तोरनोती गरेको र<br>मासु बजार व्यस्थीत पारेको | सहज रुपमा उपभोग्य सामग्री<br>खरिद विक्रि गर्न पाएको |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | प्रत्येक वडामा नियमित कृषि प्राविधिक घुम्ती सेवा दिएकाले आधा घण्टा भित्र पुग्ने दुरीमा छ । | कृषिको परामर्श दिने, कृषिको बजारीकरण र स्तोरनोतीको जानकारी दिएको | सहज रुपमा सेवा पाएको |
| भौगोलिक क्षेत्र, महिला पिछडिएका, सीमान्तकृत वर्गको संख्या र निजहरुले पाएको सेवाको अबस्था | कार्यालय भवन मर्मत सुधार, जेनरेटर व्यवस्थापन, विधुत सुधार, सडक यातायात सुधार आदी | कार्यालय र नागरिकका बीचमा समन्वय भएको | जनताको विश्वबास स्थानीय सरकार प्रति बढेको |

| ४.७ सामाजिक जिम्मेवारी तथा कार्य सम्पादन लेखा जोखा | | | |
|---|---|---|---|
| जिम्मेवारीको क्षेत्र | गत बर्षको अवस्था | यस वर्ष गरिएका प्रयासहरु | उपलब्धी |
| जनशक्ती | वडा र स्वास्थ्य कार्यालय समेत गरि जम्मा १३४ जना कर्मचारी रहेका छन्  । | जनताको काम छिटो छरितो गर्ने गरेको | भएको जनशक्तीले सकेको काम गरेको |
| नीति तथा कार्यक्रम | सात चरणको योजनाबद्ध रुपमा आफ्नो टोलबस्तीदेखी गाउँ सभासम्म गरि ल्याएको | तल्लो तहदेखी पालिका सम्मका योजनाहरु समावेश गर्ने प्रयास भएको | स्रोत साधनले भ्याएको काम भएको अवस्था |
| भौतिक व्यवस्था | गाउँपालिकाको कार्यालय भाडामा रेहको । | सामुदायिक भवन र केही वडा भाडाको घरमा रहेको, भभव तथा वडा कार्यालयको जग्गा व्यवस्थापन हुदै गरेको । | केही वडालाई आफ्नै कार्यालयमा राखेको र निरन्तरता दिएको |
| समन्वय र सहकार्यका प्रयासहरु | निजी साझेदारी र सरकारी निकायका वीचमा सहकार्य भएको | खुल्ला र पारदर्शिताको अभ्यासमा हातोमालो | एक अर्का प्रतिको सहकार्यको भावना बढेको |
| अन्य सामाजिक | स्वरोजगारीको अवसरहरु एकिन | | |

| | | | |
|---|---|---|---|
| सम्पादनको क्षेत्रहरु | तथ्यांक उपल्वध नभएको पालिकाले महिला तथा लक्षित वर्गको क्षमता र शिप मुलक तालिम दिदै आएको वडाहरुमा कृषि, व्यसायीक रोजगारीको सृजना भएको | | |

५. आर्थिक बर्षमा भोगेका समस्याहरू :

- यस आर्थिक वर्षमा स्थानीय तह, संघीय तथा प्रदेश तहको निर्बाचनको आचार संहिता कर्मचारीहरुको व्यवस्थापन लगायतले समयमा कार्य सुरुवात गर्न तथा सम्पन्न गर्न समस्या परेको देखियो ।
- पालिकामा प्रमुख प्रशासकिय अधिकृत लामो समय सम्म संघीय सरकारले नपठाउदा कैयौ नीतिगत निर्णय तथा विकास कार्यहरुको समयमा सुरुवात हुन नसकेको देखियो ।
- टुक्रे योजना धेरै हुनु ।
- निमार्णका कार्यहरु समयमा सम्पन्न नहुनु ।
- दरवन्दी अनुसारको स्थायी कर्मचारीको नियुक्ती हुन नसकेको ।
- लागत सहभागिताका लागि सबै उपभोक्ताबाट रकम उठाउन पर्ने भएकाले ग्रामिण क्षेत्रका गरिब नागरिकले रकम उठाउन नसक्नु ।
- गाउँपालिकाको भवन बनाउनको लागि जग्गाको व्यवस्थापन सुनिश्चित नहुनु ।

६ शुद्धोधन गाउँपालिकाको अवसर र सम्भावना तथा आगामी दिनमा चाल्नु पर्ने कदम :

गाउँपालिकाकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्यको साथै अन्य नगदे तरकारी बाली, फलफुल, उखु, तोरी, तरकारी तथा खाध्यान र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरु रहेका छन् । भगवान गौत्तम बुद्धको जन्मस्थल लुम्बिनी संगै जोडिएको यस पालिकामा पर्यटन विकासको समेत प्रचुर सम्भावना रहेको छ । यस पालिका भित्र रहेका धार्मिक तथा पर्यटकिय स्थानहरु संरक्षण तथा प्रचार प्रसार आवश्यक देखिन्छ ।

खाध्यान बाली, तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यावसायिक कृषि उत्पादनलाई जोड दिनु सहज तथा उचित देखिन्छ जसको बजार क्षेत्र लुम्बिनी, रुपन्देहीको भैरहवा, बुटवल एंव जिल्ला सदरमुकाम तौलिहवा समेत हुने देखिन्छ । व्यवसाय करलाई अझ प्रभावकारी बनाउँदै उद्योगी व्यवसायीहरु सँग सहकार्य गर्दै वजार विस्तार र विविधिकरणमा भूमीका खेल्नु पर्ने । उद्योग, शिक्षा, स्वास्थ्य, संचार क्षेत्रमा तीब्र विकासको कारणले यस पालिकामा दक्ष जनशक्तिको उत्पादकत्व बृद्धि हुने सम्भावना प्रसस्त भएको देखिन्छ ।
सडकको स्तरउन्नती र मुल सडकलाई कालो पत्रे तथा भित्रि सडकलाई वातावरणमैत्री हिसाबले ईन्टरलक सडकको रुपमा विस्तार गर्ने कार्यलाई अझ प्रभावकारी रुपमा गुणस्तरियतालाई ध्यान दिई अगाडि बढाउनु पर्ने देखिन्छ । पालिकाको गुरु योजनाको निर्माण गरि सोहि आधारमा सडक संजालहरुको विकास, विस्तार र नेटवर्क निर्माण गरी यातायात सञ्चालन गर्न सके गाँउ र सहरको

अन्तर सम्बन्ध गतिशिल हुने साथै ग्रामिण क्षेत्रको उत्पादन, सहरी क्षेत्रको खाद्यान्यको आधार भई ग्रामीण अर्थतन्त्र चलायामान हुने देखिन्छ । यसका लागि पुजिँ परिचालन गर्न स्थानीय सहकारीहरु लाई प्रर्वद्धन गर्नु पर्ने देखिन्छ । योजना छनोट गर्दा बस्तीस्तरमा व्यापक छलपल गरेर गर्नु पर्ने देखिन्छ ।

- पालिकाले आफ्नै विभिन्न कानुनहरु निर्माण गरि कार्यान्वयमा ल्याएकोले अनुगमन र सुपरिवेक्षणलाई नियमित, गतिशिल र सुधारका लागि पृष्ठपोषकको रुपमा ग्रहण गर्ने ।
- नीति अनुसार कार्यक्रम तथा आयोजना भए नभएको विषमा गाउँपरिषद् पूर्व व्यापक छलफल गर्ने र नीति तथा कार्यक्रम स्पष्ट हुनु पर्ने ।
- वार्षिक योजना तथा नीतिहरू तयार गर्दा राष्ट्रिय नीति र गाउँपालिकाको आवधिक तथा विषयगत योजनाले निर्देशित गरेका उद्देश्यहरू लाई ध्यान पुऱ्याउनु पर्ने ।
- रोजगारमूलक र गरिबी निवारण लक्षित योजनाहरू अझै प्रभाबकारी रुपमा समावेश हुनु पर्ने ।
- कार्यक्रम र कार्यालयहरूको बिस्तार सँगै आवश्यक जनशक्ति तथा पूर्वाधारको विकास समेत गर्नुपर्ने ।
- अल्पकालिन योजनालाई भन्दा दीर्घकालीन र आय एवम् रोजगारमूलक ठोस आयोजनाहरूलाई प्राथमिकता दिनु पर्ने ।
- पालिकको प्रमुख समस्याको गाउँपालिका तथा वडा नं. २ को वडा कार्यालयको भवन निमार्ण नहुनु रहेको छ । गाउँपालिका र वडाकार्यालयको आफ्नो भवन नंहुदा कार्यालय साघुंरो हुनुका साथै भाडा लगायतमा आर्थिक भार समेत थपिएको छ, तत्काल भवन बनाउनु पर्ने देखिन्छ।
- ऐन, नियम, नियमावली, निर्देशिका अनुसार लक्षित वर्गको लागि अझै प्रभाबकारी रकम विनियोजन गरी सोहि अनुसार कार्यन्वयन गर्नुपर्ने ।
- करको दर एवं दायरा लगायत अन्य वैकल्पिक उपायहरू को पहिचान गरी आन्तरिक आयमा वृद्धि गदै लैजानुपर्ने ।
- वस्ती एवं वडास्तरबाट प्राथमिकिकरणको आधारमा छनौंट भई आएका आयोजनाहरू लाई उच्च प्राथमिकता दिनुपर्ने ।
- आवासिय, कृषि, औद्योगिक, व्यापारिक र शैक्षिक क्षेत्रहरूको किटानी गरिनुपर्ने ।
- कृषि तथा पशुपालन क्षेत्रलाई बिशेष प्राथमिकतामा राख्नु पर्ने र उत्पादनको आधारमा अनुदान जस्ता कार्यक्रमहरु संचालन गरि उत्पादनमा बिशेष जोड दिनु पर्ने ।
- सामुदायिक बिद्यालयमा शिक्षाको गुणस्तर सुधारको प्राविधिक तालिमहरुको व्यवस्था, आवश्यक शिक्षक संख्या यकिन तथा निजी श्रोतबाट राखिएका शिक्षकहरुको सेवा सुविधको अवस्था अध्ययन गर्नु पर्ने ।
- बिद्यालयहरुको भवनहरुको निमार्णको लागि वर्षेनी थोरै थोरै बजेट आउदा गुणस्तयि हुन सकेको छैन् । पालिकाले सम्बन्धित प्रदेश तथा संघीय सरकार संग सहकार्य गरेर आवश्यकता एंव प्राथमिताको आधारमा ठोस योजनाहरु लगानी गर्ने वातावरण सृजना गर्नु पर्दछ ।
- सर्बोपरी विकासको प्रमुख आधार शिक्षालाई गुणस्तरिय बनाउनको लागि स्थानिय तहले शिक्षामा बजेटमा प्रमुख प्राथमिकतामा राख्नुका साथै कार्यान्वन पक्षलाई समेत नियमन गरी प्रभावकारी बनाउनु पर्दछ, पालिकाको छुट्टै शिक्षा योजना आवश्यक देखिन्छ ।

- पालिका भित्र शैक्षिक सुधारका लागि मुख्य समस्याको रुपमा शिक्षकहरुको अभाव रहेको छ । पलिका भित्र २५० भन्दा बढि शिक्षकको आवश्यकता रहेकोमा हाल मात्र ९६ जना रहेको अवस्था छ । दरवन्दी माग गर्नु पर्ने देखिन्छ ।
- पालिकामा भित्र निजी लगायत सम्पुर्ण शिक्षकहरुको पालिकाले लगत संकलन गरेर उनिहरुले पाउँने सेवा सुविधाको बारेमा अध्ययन गर्नु पर्ने ।
- औषधीको व्यवस्थापन सहज हुदै गएको तर के कति औषधी गरिएको छ, त्यसको उपयोगिता लगायतका सवालमा प्रविधीको माध्यमबाट तथ्याकंहरुलाई व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।
- सेवाग्राहीहरुको जानकारी तथा पारदर्शीता प्रवर्द्धन गर्दै जवाफदेही स्थानीय सरकार निर्माणका लागि अर्धवार्षिक रुपमा बुलेटिन प्रकाशन गर्ने ।
- सामाजिक विकासका सूचकहरु समेटने गरी सूचना तथा तथ्यांक प्रणाली व्यवस्थित गर्नुपर्ने ।
- मर्मत सम्भार गर्नु पर्ने पूर्वाधार विकास योजनाहरुलाई समयमै मर्मत सम्भार गरी संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउने ।
- पुर्ण स्वच्छ खानेपानी कार्यक्रमलाई निरन्तरता दिनु पर्ने ।
- सम्पुर्ण बिद्यालयहरुलाई प्रविधीमैत्री बनाउन निरन्तरता दिनु पर्ने ।
- सीप विकास, आयआर्जन कार्यक्रमबाट कति स्वरोजगार भए भन्ने तथ्यांक अभिलेख राख्नु पर्ने ।
- विकासको क्रममा पछाडि परेका वर्ग र क्षेत्रलाई विकासको मुल प्रवाहमा समाहित गर्न बिशेष कार्यक्रमको खाँचो देखिन्छ ।
- प्रत्येक टोल र गाउँबाट आएका योजनालाई प्राथमिकताका आधारमा छनौटलाई निरन्तरता दिनु पर्ने ।
- गाउँपालिकाले पालिकाको गतिविधिको बारेमा सर्वसाधरणलाई जानकारी दिनको लागि गाउँ गतिविधि पालिकाको वेबसाईटसगैं स्थानीयस्तरका पत्रपत्रिका तथा रेडियो मार्फत सार्वजनिक गर्ने ।
- खुल्ला दिशामुक्त क्षेत्रलाई निरन्तरता दिनको लागि बिपन्न समुदायलाई सौचालय बनाउन प्रोत्साह गर्न आर्थिक एंव प्राविधिक सहयोग गर्नु पर्ने । समय समयमा अनुगमन तथा सुपरिवेक्षण गर्ने एवम् सार्वजनिक स्थलहरु (लवनी चोक) लगायतमा सार्वजनिक शौचालयहरुको सार्वजनिक/निजि साझेदारीको अवधारणा अर्न्तगत निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने ।
- गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुको अगाडि नागरीक वडापत्र (निरक्षरको लागि अडियो/भिडियो डिस्प्ले) अनिवार्य रुपमा राख्नुपर्ने ।
- पूर्ण साक्षर पालिका तथा पूर्ण सरसफाई गाउँ घोषणा कार्य अगाडि बढाउनु पर्ने ।
- वातावरण मैत्री स्थानीय शासन प्रारुप लागु गर्नका लागि रणनीति बनाई कार्यान्वयन गर्नु पर्ने ।
- उपभोक्ता समिति मार्फत निमार्ण भएका योजनाहरु उपभोक्तालाई हस्तानतरण गरि उपभोक्ताबाटै रेख तथा निश्चित समयको मर्मत सम्भार उपभोक्ताबाटै गराउनु पर्ने देखिन्छ ।

**७ पालिकाको चुनौती तथा समस्याहरु :**

- पालिकाको मुख्य चुनौतीको रुपमा सिमित बजेट तथा श्रोत साधन तथा अत्याधिक जने अपेक्षा रहेको पाईएको छ । यसलाई समुचित रुपमा व्यवस्थापन गरेर पालिका अगाडी बढ्नु पर्ने देखिन्छ । बिशेष गरेर स्थानीय तहहरुमा पछिल्लो समयमा देखिएको मुख्य चुनौती भनेको मतदाताहरुलाई प्रभावित पार्न एंव निकटहरुलाई लाभ उपलब्ध गराउनको लागि टुक्रे योजनाहरु बढेको व्यापक जनगुनासो रहेको छ । भने अर्को तर्फ बजेट समग्र पालिकाको विकास भन्दा वडा एंव जनप्रतिनिधीहरुले दामासाहीको आधारमा बाड्ने र त्यसका आधारमा योजना बनाउने गरेको पाइएकोमा त्यसमा सुधारको खाँचो रहेको छ । बिशेष गरेर पालिकालाई केन्द्रमा राखेर प्राथामिकताको आधारमा योजना बनाउनु पर्ने देखिन्छ ।
- स्थानीय स्तरमा रोजगारीका अवसरहरु वृद्धि र निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण गर्न ।
- उपलव्ध साधन श्रोतलाई उत्पादनशील क्षेत्रमा प्रवाहित गर्न ।
- बजेट ढिलो निकासा हुने, आवश्यक जनशक्तिको कमीहुनु ।
- गाउँपालिकाको क्षेत्र भित्र आवश्यक रोजगारमुलक उधोग धन्दा, कलकारखाना प्रयाप्त नहुनु ।
- फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन नसक्नु ।
- सिचाईको लागि दिर्घकालिन व्यवस्था नुहुनु, जमिनमूनीको श्रोतमा भर पर्दा गर्मी याममा पिउने पानीको समेत समस्या ।
- गाउँपालिका क्षेत्र भित्रका धेरै सडकहरू कच्ची तथा कम गुणस्तरको हुनु ।
- कृषियोग्य भूमि भएता पनि व्यावसायिक खेतीको विकास हुन नसक्नु ।
- कृषियोग्य भूमि खण्डिकृत हुँदै प्रयोग विहिन हुनु ।
- गाउँपालिकाको आन्तरिक आयश्रोतको न्यून भएकोले पालिकाको विकास प्रकृया तिब्ररुपमा अगाडि बढन नसक्नु, प्रदेश अर्काको मुख ताक्न बाध्य हुन ।
- गाउँ क्षेत्रमा खानेपानी तथा सार्वजनिक शौचालयको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- उत्प्रेरीत आधुनिक मानव संसाधन व्यवस्थापन ।
- सिमित स्रोत, साधन र असिमित नागरिक आकाक्षा ।
- र्पाक, खेलमैदान, पर्यटन जस्ता पूर्वाधार नहुनु । र बनाउनको लागि पहल पनि नहुनु ।
- आन्तरीक श्रोतलाई पूर्वानुमान योग्य दिगो र भरपर्दो नहुनु ।

**८ निश्कर्ष:**

सामाजिक परीक्षण एक प्रकारको सामाजिक उत्तरदायित्वको लेखाजोखा गर्ने पद्धति हो । कपिलवस्तु जिल्लाको शुद्धोधन गाउँपालिकाले पनि पालिकाको सामाजिक परिक्षण सम्पन्न गरेको छ । समयको अभाव, निश्चित बजेटमा पालिका भित्र रहेको सम्पुर्ण कार्यालयहरु पुगेर वडागत तथा कार्यालयगत रुपमा सामाजिक परिक्षण गर्न नसकिएता पनि, निश्चित श्रोतसाधनको उपलब्धतामा पालिकाको समग्र वस्तुस्थिती सेवा प्रवाहको अवस्था विश्लेषण गर्ने प्रयास गरिएको छ ।

सामाजि परिक्षण एक निरन्तर प्रकृया भएकोले वर्षमा सके सम्म २ पटक नभए एक पटक यो गर्नै पर्ने हुन्छ । यस परिक्षणमा पालिकाका बिभिन्न कार्यालयहरु तथा विषयगत कार्यालयहरु छनौट गरी विश्लेषण गरीएको थियो । विश्लेषणबाट कार्यालयको समग्र सामाजिक उत्तरदायित्वको अवस्था मिश्रित पाईयो ।

संघीयतामा स्थानीय तहको अत्यान्तै महत्वपुर्ण भूमिका रहेको छ । यस सन्दर्भमा यस पालिकाको विश्लेषणबाट केही आशा लाग्दा उपलब्धिहरु हासिल भएको पाईएको छ । केही सुधार गर्नु पने पक्षहरु देखिएका छन् । कयौ समस्या तथा कमीकमजोरी सहजै समाधान हुने देखिन्छन् । केही चुनौतीहरु पार गर्नका लागि रणनैतिक योजना बनाएर नै जानु पर्ने देखिन्छ । पालिकामा पूर्वाधार विकासवाट प्राप्त विकासका अवसरहरुलाई आम नागरिकहरुले प्रत्यक्षरुमा महसुस गरेका छन् । सामाजिक विकासका कार्यक्रमहरुले समाजमा दिगो विकास र आनी बानी परिवर्तन प्रभाव पारेको छ ।

स्थानीय तह संचालन ऐन, नियमावली, स्थानीय स्वायत्त शासन नियमावली र आर्थिक नियमावलीलाई पूर्ण रूपमा पालना गर्दै स्थानीय विकासमा शुद्धोधन गाउँपालिका कपिलवस्तुले उल्लेखनिय कार्य सम्पादन गरेको छ ।

पालिकाले शिक्षा, स्वास्थ जस्ता क्षेत्रहरुलाई प्रमुख प्राथमिकतामा राखेको पाईएको छ । बिषेश गरेर पालिकाले नेटुवा समुदायका बालबालिकाहरु शिक्षा संग जोड्नको लागि गरेको पहल सामाजिक विकासको लागि गरेको एक नमूना हो । पालिकाले वडाहरुको टोल बस्तीदेखि नै योजनाहरूको माग गर्ने, विभिन्न आवश्यक प्रकृयाहरू पूरा गरी योजना तथा कार्यक्रमलाई गाउँसभाबाट पारित गरेपछि मात्र कार्यक्रमहरू संचालन गर्ने गरेको पाइएको छ । त्यस्ता कार्यक्रमहरू नियम संगत ढंगमा योजना निर्माण गरी योजना अनुरूप नै संचालन गरिएको देखिन्छन् । शुद्धोधन गाउँपालिकाले कपिलवस्तुमा विकासको क्षेत्रमा काम गर्ने स्थानीय संघ संस्थाहरु, विभिन्न सरकारी, गैर सरकारी तथा नीजि संस्थाहरु पनि सहकार्य गरेको देखिन्छ । यस अध्ययनबाट गाउँ पालिकाले आफ्नो सेवालाई अझै चुस्त, दुरुस्त र प्रभावकारी पार्नुपर्ने देखिएको छ । गाउँपालिकाले प्राथमिकतामा राखेको नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी ढंगबाट अगाडी बढाउनु पर्ने देखिन्छ ।

धन्यवाद ।